स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड २) बड्डाँडा प्यूठान ,असार २६ गते ,२०७५ साल (संख्या २

# “घ” बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि, २०७५

सरुमारानी गाउँ कार्यपालिकावाट स्वीकृत मिति २०७५।१।४

**प्रस्तावना** :

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारिता, जवाफदेहिता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (छ) को उपखण्ड (१०) ले दिएको अधिकार प्रयोग गरी सरुमारानी गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

१) यस कार्यविधिको नाम **सरुमारानी गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि,२०७५** रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने:** प्रचलित कानूनमा अन्यथा भएकोमा बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” बर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक  निर्माण कार्य गर्न गराउन हुदैन ।

## ३. नयाँ इजाजत पत्र सम्वन्धी व्यवस्था :

१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस सरुमारानी गाउँ कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ बमोजिमको योग्यता भए नभएको सम्वन्धमा प्राविधिक शाखा प्रमुख (सिभिल इन्जिनियर सब-इन्जिनियर) सहित

सदस्य भएको प्राविधि समिति गठन गरी सो समितिवाट जाँचबुझ गराउनु पर्नेछ ।

३) दफा ३ को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिश सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

४) उपदफा (२) बमोजिम समितिको सिफारिश सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजत कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

## ४. इजाजतपत्रको अवधि र नवीकरण :

१)दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना (असोज मसान्त) भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्वन्धित संघीय प्रदेश स्थानीय कर कार्यालयवाट प्राप्त कर चुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित गाउँपालिकाबाट अनुसूची २ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नुपर्नेछ । यसरी अनुसूची-४ बमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

३) उप दफा २ बमोजिमको म्याद नाघेको ६ महिना (चैत्र मसान्त) भित्र सबै प्रकृया पूरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिनेछ ।

## ५. इजाजत पत्रको खारेजी :

१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

क) झुठ्ठा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा ,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्वन्धित निकायबाट लेखी आएमा,

ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखी आएमा,

२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्वन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

३) दफा (४) को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्वन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**६. इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्थाः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणवाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा अनुसूची २ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

**७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्वन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची १

कार्यविधिको दफा ३ को उपदफा (१) संग सम्वन्धित

इजाजतपत्रको लागि दिइने दरखास्त

विषय : इजाजत पत्र पाऊँ भन्ने बारे ।

श्री सरुमारानी गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा, प्यूठान ।

यस कार्यालयको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि,२०७४ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि घ बर्गको इजाजत पत्र पाउन  निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको :

नाम :

ठेगाना :

पोष्टबक्स :

टेलिफोन नं. : फ्याक्स नं. :

२. फर्म वा कम्पनीको प्रकृति :

( ) प्राइभेट लिमिटेड कम्पनी ( ) पब्लिक लिमिटेड कम्पनी
( ) एकलौटी ( ) साझेदारी

कोष्ठमाा रेजा लगाउनु पर्नेछ ।

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम :

ठेगाना :

पोष्टबक्स :

टेलिफोन नं. : फ्याक्स नं. :

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. : दर्ता मिति :

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजतपत्र लिन चाहेको बर्ग : घ वर्ग

६. समूहीकरण हुन चाहेको समूह :

७. आर्थिक श्रोतको विवरण :

| विवरण | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण :

क) प्राविधिक :

ख) अप्राविधिक:

ग) अन्य :

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन मेशिनरी विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य: यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्धारा प्रमाणित भएको हुनुपर्नेछ ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.नं. | निर्माण सम्वन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. कर चुक्ता गरेको प्रमाण कागजात:

क)

ख)

ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत:

मिति :

द्रष्टव्य: यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ।

## अनुसूची २

### कार्यविधिको दफा ३ को उपदफा (४) संग सम्वन्धित

| सि.नं. | निर्माण व्यवसायीको बर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नवीकरण थप दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | **घ** | रु. १०००।० | रु. १०००।० | रु. २०००।० | रु. ५०००।० |

द्रष्टव्य : **घ** बर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धी कार्यविधि, २०७४ को दफा ४ को उपदफा ३ बमोजिमको म्याद (चैत्र मसान्त) भित्र इजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नु पर्नेछ ।

अनुसूची ३

कार्यविधिको दफा ३ को उपदफा (४) संग सम्वन्धित

# सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

बड्डाँडा, प्यूठान

५ न प्रदेश, नेपाल

## **ईजाजत पत्र**

ईजाजत नं :                                        मिति :

श्री ................................... निर्माण सेवा

प्रो.

ठेगाना : सरुमारानी गाउँपालिका वडा नं.        प्यूठान ।

तपाइँको मिति **......................** को दरखास्त एवम् प्राविधिक समितिको मिति **......................** को सिफारिशका आधारमा निर्माण व्यवसाय गर्न सरुमारानी गाउँपालिका वडा नं... ..................................... टोल स्थित कार्यालय भएको ....................................................... **निर्माण सेवा** फर्मलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को (छ) (१०) र सरुमारानी गाउँपालिकाको **घ** वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ को दफा ३ को उपदफा (४)बमोजिम सार्वजनिक निर्माण कार्यको ठेक्काको काम गर्न (घ) वर्गको ठेकेदारमा राखी ठेक्का सम्वन्धी काम गर्न पाउने गरी यो इजाजत-पत्र प्रदान गरिएको छ ।

ईजाजत पत्र दिनेको

दस्तखत :

नाम,थर :

पद : प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान

नवीकरण

| मिति | नवीकरण अवधि | नवीकरण दस्तुर रु. भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनसुची-४

अनुसुची -४ निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजानिक निकायको विवरण | संयुक्त उपकमको नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवा हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समयः | क) Variation पछिको Contract Amout | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | | ख)सम्पन्न मिति | |
| | | | | | ग)ठेक्का अवधि | ग) हस्ताक्षर | ख) पद | ख) पद | | घ) नाम | |
| | | | | | | घ) छाप | ग) हस्ताक्षर | ग) हस्ताक्षर | | पद | |
| | | | | | | | घ) निर्णय मिति | छाप | | हस्ताक्षर | |
| | | | | | | | छाप | | | छाप | |
| | | | | | | | | | | | |

अनुसूची ५

कार्यविधिको दफा ३ को उपदफा (२) संग सम्वन्धित

घ बर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमताः प्राइवेट वा पव्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिंग विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाण पत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशिन र उपकरण :

क) ट्रिपर ट्याक्टर (एक/एक थान)

ख) मिक्सर एक थान

ग) Theodolite/Level Machine एक सेट ।

घ) वाटर पम्प तीन थान ।

ङ) भाइब्रेटर तीन थान ।

*द्रष्टव्य :*

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल इन्जिनियर्स एशोसियशनको सदस्यता प्राप्त मेकानिकल इन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेच बिखन गर्न पाइने छैन

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।